# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

☎ ०८९६९५०६०
९७५८००३२०२


पत्र संख्या : २०७६/७७

चलानी नं. : .......

**मोटरसाइकल खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आहवानको सूचना**

**(दोस्रो पटक प्रकाशित मिति:२०७६/११/०९)**

१) यस कार्यालयलाई आवश्यक पर्ने मोटरसाइकल सप्लाई गर्न इच्छुक उत्पादक कम्पनिको नेपालमा रहेको आधिकारिक बिक्रेता(Importer) वा स्थानीय एजेन्ड(Authorized Dealer of Importer) ले मात्र देहाय वमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

२) सुचना प्रकाशित भएको मिति देखि ८ औ दिनसम्म कार्यालय समयभित्र दरभाउपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनि व सस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मुल्य अभिवृद्ध कर(VAT) मा दर्ताको प्रमाणपत्र वा म्याद थप गरेको प्रमाणपत्र, उत्पादक कम्पनीवाट नेपालमा रहेको आधिकारिक बिक्रेता(Importer) लाइ यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter तोकिएको ढांचा अनुसार र स्थानीय बिक्रता (Local Agent) को हकमा नेपालमा रहेको आधिकारिक बिक्रता(Importer) ले दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको पत्र साथै अन्य तोकिए बमोजिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु निवेदन साथ पेस गरि नियमानुसार लाग्ने राजस्व दस्तुर यस कार्यालयको कृषि विकास बैंक, शाखा कार्यालय, थर्पु भार्मा जाजरकोटमा रहेको संचित कोष खाता न. ०७२६२०१५४८९३७०१३ मा दाखिला गरेको(फिर्ता नहुने) सक्कल भौचर बुझाई दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु दरभाउपत्रदाताले स्पस्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि सूचना प्रकाशित भएको मिति देखि ८ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भइ दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ ।

४) दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको कृषि विकास बैंक, शाखा कार्यालय थर्पु, भार्मा जाजरकोटमा रहेको धरौटी खाता न. ०७२६२०१५४८९३०४८ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक भौचर, रसिद वा बैंक जमानिपत्र(Unconditional Bid Bond) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानिपत्र यो सुचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ । बैंक जमानिपत्रको म्याद दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ दिनको हुनुपर्नेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरू यस कार्यालयमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिउसो २:०० बजे दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभयमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछी कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६) रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कार्यवाही गरीने छैन ।

७) दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्न वा अस्वीकृत गर्न सम्पूर्ण अधिकार यस गाउँपालिका को कार्यालयमा सुरक्षित रहने छ ।

८) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन ।

९) अन्य कार्यविधिहरु सर्वाजनिक खरिद एन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४( संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१०) अन्य थप केहि कुरा वुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

| ठेक्का न. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| KRMJ/SQ/GOODS/01/2076/077 | Petrol Engine Motorcycle, Engine Displacement capacity shall not be less than 148 CC. Max. power output not less than 14 PS & Max. Torque Not less than 13 Nm@ governed rpm. & others are as per approved technical specification | थान ४ (चार) | १,०००/- | रु.३०,०००/- |

प्रमुख प्रशासकीय अधिकृत